कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत।

### कर्णाली प्रदेश समपूरक र विशेष अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने आयोजना/कार्यक्रमहरुका लागि प्रस्ताव आव्हान सम्बन्धि जरुरी सूचना

**(सूचना प्रकाशित मितिः २०८२/११/०१)**

कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन समेत) कार्यविधि, २०८१ र कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन समेत) कार्यविधि, २०८१ मा व्यवस्था भए बमोजिम कर्णाली प्रदेश सरकारबाट स्थानीय तहमा उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरूको लागि प्रस्ताव सहित विवरण तयार गरी २०८२ चैत्र १ गते भित्र यस मन्त्रालयको विद्युतीय सूचना व्यवस्थापन प्रणाली karnali.csgrants.gov.np मार्फत आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुहुन यस प्रदेश अन्तर्गतका ७९ वटै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेस गर्दा स्थानीय तहले आफ्नो स्रोत वा अन्य स्रोतबाट सञ्चालन भईरहेका वा सञ्चालन हुने आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी सम्बन्धित स्थानीय तहको कार्यपालिकाले आयोजना वा कार्यक्रमको प्राथमिकीकरणको निर्णयसहित समपूरक अनुदानको लागि कर्णाली प्रदेश समपूरक अनुदान (पहिलो संशोधन समेत) कार्यविधि,२०८१ को अनुसूची-१ र अनुसूची-२ तथा विशेष अनुदानको लागि कर्णाली प्रदेश विशेष अनुदान (पहिलो संशोधन समेत) कार्यविधि, २०८१ को अनुसूची-२, अनुसूची-३ र अनुसूची-४ बमोजिमको ढाँचामा आवश्यक विवरण तथा सर्त पूरा भएको व्यहोराको प्रमाणिकरण समेत संलग्न गरी पेस गर्नुपर्नेछ। समपूरक तथा विशेष अनुदान माग र प्रस्ताव पेस गर्ने सम्बन्धमा कार्यविधि तथा आवश्यक सूचना यस मन्त्रालयको वेवसाइट moeap.karnali.gov.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा मन्त्रालयको टेलिफोन नं. ०८३-५२१३७१, मोवाइल नम्बर ९८५८०२२५४१, ९८४८१३८२१२, ९८५८४८४७२७, ९८५८०८८३७७ वा मन्त्रालयको इमेल moeap6@gmail.com मार्फत सम्पर्क गर्न सकिनेछ।

समपूरक तथा विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव पेस गर्न अनलाईन प्रणालीमा प्रविष्ट गर्ने प्रक्रिया यस प्रकार रहेको छ।

१. राष्ट्रिय योजना आयोगबाट प्रणालीमा लगइन गर्न User ID and Password यस अगाडि नै प्रदान गरिएको छ। विवरण प्रविष्टी गर्दा वेबसाइट karnali.csgrants.gov.np मा गइ समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिङ्क खोली विवरणहरु भरी पेश गर्नु पर्नेछ।

२. आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा समपूरक र विशेष अनुदान व्यवस्थापन सूचना प्रणाली karnali.csgrants.gov.np बाट विवरणहरु अनलाइनमा प्रविष्ट गरी तोकिएको समयावधी (२०८२ फागुन १ गते देखि २०८२ चैत्र १ गतेसम्म) भित्र प्रस्ताव गर्नु पर्नेछ।

## खण्ड क- समपूरक अनुदान

**१. समपुरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछः**

(क) कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण तथा कृषि सडक पूर्वाधार,

(ख) सिंचाई तथा नदी नियन्त्रण,

(ग) तटबन्ध तथा पहिरो नियन्त्रण,

(घ) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादनसँग सम्बन्धित पूर्वाधार,

(ङ) खानेपानी तथा सरसफाई र ढल निकास सम्बन्धी पूर्वाधार,

(च) स्थानीय भवन निर्माण (सामुदायिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य केन्द्र),

(छ) सार्वजनिक महत्वको पर्यटन पूर्वाधार,

(ज) स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक,

(झ) स्थानीय जनताको आय आर्जनमा उल्लेख्य योगदान पुग्ने कृषि उत्पादन, पशुपंक्षीपालन तथा सहकारीजन्य पूर्वाधार विकास सम्बन्धी योजना,

(ञ) ग्रामीण क्षेत्रमा एकिकृत बस्ती विकास, बैकल्पिक उर्जा तथा सहरी विकास सम्बन्धी योजना,

(ट) स्थानीय बजार विकास,

(ठ) वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धी पूर्वाधार,

(ड) फोहरमैला व्यवस्थापन र ढल निकास सम्बन्धी योजना,

(ढ) प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएको आयोजना वा कार्यक्रम।

**२. समपूरक अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा पेश गर्ने सम्बन्धमा विद्युतीय प्रणालीमा प्रविष्टि गर्नुपर्ने आवश्यक विवरणः**

(क) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्टयाँई सहित कार्यविधिको **अनुसुची-१** बमोजिमको विवरण अनिवार्य रुपमा प्रविष्टी गर्नुपर्नेछ।

(ख) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपनाको विवरण,

(ग) आयोजना वा कार्यक्रमको पूर्व तयारी सम्पन्न भएका आयोजना वा कार्यक्रम मात्र पेस गर्नु पर्नेछ,

(घ) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ङ) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकम,

(च) आगामी आर्थिक वर्षका लागि यस अघि समपूरक अनुदान प्राप्त गरी कार्यान्वयन भईरहेका र सम्पन्न हुन बाँकी रहेका आयोजना वा कार्यक्रमलाई पहिलो प्राथमिकता दिई बजेट समेत खुलाई आयोजना वा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ यसरी प्रस्ताव नगरिएका आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ,

(छ) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण,

(ज) निजी क्षेत्र वा अन्य गैरसरकारी क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा,

(झ) क्रमागत आयोजना वा कार्यक्रम प्रस्ताव गरेको भएमा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण,

(ञ) समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधि भित्र सम्पन्न गर्नुपर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित स्थानीय तहले आफ्नो स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।

**३. समपुरक अनुदान अन्तर्गत आयोजना वा कार्यक्रम प्रस्ताव पेस गर्दा विद्युतीय अनलाईन प्रणालीमा प्रविष्टि गर्नुपर्ने अन्य कागजातहरुः**

(क) आयोजना वा कार्यक्रमको लागत अनुमान र सोलाई पुष्टि गर्ने अन्य आवश्यक कागजात,

(ख) प्रचलित कानून बमोजिम आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा वातावरणीय प्रभाव अध्ययन आवश्यक पर्नेमा सोको स्वीकृत प्रतिवेदन,

(ग) एक भन्दा बढी आयोजना वा कार्यक्रम प्रस्ताव गरेमा सम्बन्धित कार्यपालिकाबाट भएको प्राथमिकीकरण सहितको निर्णय,

(घ) आयोजना वा कार्यक्रमको आवश्यक शर्तहरु पुरा भएको कर्णाली प्रदेश समपूरक अनुदान कार्यविधि, २०८१ को **अनुसूची-२** बमोजिमको ढाँचाको प्रमाणित प्रति,

**४. आयोजना वा कार्यक्रमको लागत अनुमान, बजेट तथा समयसीमा, लागत साझेदारी अनुपात सम्बन्धी विवरणः**

| क्र. सं. | न्यूनतम लागत | अधिकतम लागत | सम्पन्न गर्नुपर्ने अवधि | लागत साझेदारी अनुपात | प्रस्ताव गर्न सकिने आयोजना संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ करोड | २ करोड | बढीमा २ वर्ष | कार्यविधिको अनुसूची-४ बमोजिम हुनेछ | क्रमागत सहित बढीमा ३ वटा | तोकिएको सीमा भन्दा कम वा बढी लागत अनुमान पेश गरिएका आयोजना वा कार्यक्रमलाई मूल्याङ्कनमा समावेश गरिने छैन। |

## खण्ड-ख विशेष अनुदान

**१. विशेष अनुदानका लागि निम्न क्षेत्रका आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछः**

**अ. शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धिः**

(क) विद्यालयको फर्निचर, शैक्षिक सामग्री, कम्प्युटर, डिजिटल बोर्ड, प्रयोगशाला उपकरण, पुस्तकालय, शौचालय, खानेपानी, घेराबार पर्खाल जस्ता पूरक शैक्षिक पूर्वाधार।

(ख) दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदाय लक्षित वर्गको लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रदान गरिने अन्य स्रोत वा निकायबाट नसमेटिएको अन्य शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रम।

**आ. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिः**

(क) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधारको लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामग्री, बर्थिङ्ग सेन्टरको लागि शैय्या तथा उपकरण, आदि।

(ख) मातृ तथा बालबालिकाको लागि पोषण सुधार।

**इ. आधारभूत खानेपानी तथा सरसफाइ सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक, सामाजिक रूपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाइः**

(क) आधारभूत खानेपानी आपूर्ति तथा सरसफाइ।

(ख) जल पुनर्भरण तथा स्रोत संरक्षण।

**ई. आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासको लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व वृद्धि एवम् आयआर्जन तथा जीविकोपार्जन सुधार,**

(क) कृषक समूहका लागि यान्त्रिक सिँचाई, थोपा सिँचाई, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल, गोठ सुधार, व्यावसायिक पशुपन्छी पालन, नश्ल सुधार, रोग किरा नियन्त्रण, रैथाने बाली संरक्षण, बिउबिजन, फलफूलको बोटबिरुवा आदि।

(ख) कृषि उपकरण, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको सङ्कलन तथा बिक्री केन्द्र स्थापना, बाली भण्डारण तथा क्षति नियन्त्रण, आदि।

(ग) विपन्न भूमिहीन वर्ग लक्षित वगर वा नदी उकास क्षेत्रमा गरिने व्यावसायिक कृषि।

(घ) सामूहिक रूपमा जग्गा भाडामा लिई गरिने व्यावसायिक कृषि, जडिबुटी खेती तथा गैरकाष्ठ वन पैदावार उत्पादन, आदि।

(ङ) उद्यमशीलता विकासको लागि सघाउ पुग्ने गरी उपकरण, प्रविधि र वित्तीय एवम् बजार पहुँच सहितको एकीकृत तालिम प्याकेज, आदि।

**२. विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा पेश गर्ने सम्बन्धमा विद्युतीय प्रणालीमा प्रविष्टि गर्नुपर्ने आवश्यक विवरणः**

(क) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्टयाँई, सहित कार्यविधिको अनुसूची-२ बमोजिमको विवरण,

(ख) आयोजना वा कार्यक्रमको कुल लागत,

(ग) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपनाको विवरण,

(घ) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने समय,

(ङ) आयोजना वा कार्यक्रमको पूर्व तयारी सम्पन्न भएका आयोजना वा कार्यक्रम मात्र पेस गर्नु पर्नेछ।

**३. विशेष अनुदान अन्तर्गत आयोजना वा कार्यक्रम प्रस्ताव पेस गर्दा विद्युतीय अनलाईन प्रणालीमा प्रविष्टि गर्नुपर्ने अन्य कागजातहरुः**

(क) आयोजना वा कार्यक्रमको लागत अनुमान र सोलाई पुष्टि गर्ने अन्य आवश्यक कागजात वा अनुसूची-३ बमोजिमको आयोजना वा कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल),

(ख) प्रचलित कानून बमोजिम आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा वातावरणीय प्रभाव अध्ययन आवश्यक पर्नेमा सोको स्वीकृत प्रतिवेदन,

(ग) एक भन्दा बढी आयोजना वा कार्यक्रम प्रस्ताव गरेमा सम्बन्धित कार्यपालिकाबाट भएको प्राथमिकीकरण सहितको निर्णय,

(घ) आयोजना वा कार्यक्रमको आवश्यक शर्तहरु पुरा भएको अनुसूची-४ बमोजिमको ढाँचाको प्रमाणित प्रति,

## ४. आयोजना वा कार्यक्रमको लागत अनुमान, बजेट तथा समयसीमा सम्बन्धी विवरणः

| क्र. सं. | न्यूनतम लागत | अधिकतम लागत | सम्पन्न गर्नुपर्ने अवधि | प्रस्ताव गर्न सकिने आयोजना संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | २० लाख | ६० लाख | सालवसाली (एक आर्थिक वर्षभित्र सम्पन्न गर्नुपर्ने) | बढीमा ३ वटा | तोकिएको सीमा भन्दा कम वा बढी लागत अनुमान पेश गरिएका आयोजना वा कार्यक्रमलाई मूल्याङ्कनमा समावेश गरिने छैन। |

**द्रटव्यः-**

१. समपूरक तथा विशेष अनुदानको सम्बन्धमा अन्य जानकारी आवश्यक परेमा मन्त्रालयको वेबसाइट moeap.karnali.gov.np मा गइ कर्णाली प्रदेश समपूरक अनुदान (पहिलो संशोधन समेत) कार्यविधि, २०८१ र विशेष अनुदान (पहिलो संशोधन समेत) कार्यविधि, २०८१ हेर्नुहुन जानकारी गराइन्छ।
२. मन्त्रालयले निर्धारण गरेको विद्युतीय सूचना प्रणाली भन्दा बाहिरबाट माग भएको र यस सूचनामा तोकिएको अवधिपछि प्राप्त भएका आयोजना वा कार्यक्रमलाई छनोट प्रक्रियाका लागि ग्राह्य मानिने छैन।
३. लागत अनुमान कार्यवीधिले तोकेको सीमाभन्दा कम वा बढी भएका आयोजना वा कार्यक्रमलाई छनोट प्रक्रियामा लगिने छैन।
४. अनुसूचिमा र प्राविधीक लागत अनुमानमा लागत एउटै भएका र प्रदेश सरकार समक्ष पेश गर्नको लागि लागत अनुमान तयार गरी कार्यपालिकाले निर्णय गरेका आयोजना वा कार्यक्रमलाई मात्र छनोट प्रक्रियामा समावेश गरिने छ।
५. आयोजना वा कार्यक्रमको लागत अनुमान संलग्न नभएका, लागत अनुमान प्राविधिकले प्रमाणीत नगरेका, लागत नखुलेको, अर्कै आयोजनाको लागत अनुमान संलग्न गरिएका तथा अनुदान प्रदान गरिने क्षेत्र भित्र नपर्ने आयोजना वा कार्यक्रमलाई छनोट प्रक्रियाका लागि ग्राह्य मानिने छैन।
६. स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना वा कार्यक्रमको लागि प्रत्येक आर्थिक वर्ष बजेट माग गर्नु पर्नेछ। त्यसरी बजेट माग नगरेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।
७. पुराना आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ प्रस्ताव गर्न पाइने छैन।
८. स्थानीय तहले अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गर्ने वा पुनः अनुदान दिने वा लगानी गर्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।
९. प्रस्तावित आयोजना वा कार्यक्रम स्थानीय तहको आयोजना बैङ्कमा समावेश भएको व्यवहोरा खुल्ने कागजात वा पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।